**सूर्योदय नगरपालिकाको उपभोक्ता हित संरक्षण (पहिलो संशोधन) विधेयक, २०८०**

नगर सभाबाट स्वीकृत मिति-२०८०।०१।११गते

**प्रस्तावना:** सूर्योदय नगरपालिकाको उपभोक्ता हित संरक्षण ऐन, २०७८ लाई समयसापेक्ष तवरले लागु गर्नको लागि संशोधन गर्न वाञ्छनीय भएकोले ऐनको दफा ३१ ले दिएको अधिकार प्रयोग गरी सूर्योदय नगरपालिकाको नगरसभाले यो ऐन बनाइ लागू गरेको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भ:** (१) यो ऐनको नाम **सूर्योदय नगरपालिकाको उपभोक्ता हित संरक्षण (पहिलो संशोधन) ऐन, २०८०** हुनेछ ।

(२) यो ऐन नगरसभाबाट स्वीकृत भई राजपत्रमा प्रकाशन भएपश्चात तुरुन्त प्रारम्भ हुनेछ ।

**२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) "मूल ऐन" भन्नाले "सूर्योदय नगरपालिकाको उपभोक्ता हित संरक्षण ऐन, २०७८" लाई जनाउनेछ ।

**३. दफा २८ मा संशोधन:**

**दफा २८ को उपदफा (१) पछि देहाय बमोजिमको उपदफा (१ क) थप गरिएको छ ।**

(१ क) यस ऐनको उद्देश्य पूर्ति गर्नको लागि तथा उपभोक्ता हक हितको संरक्षण तथा कार्यान्वयन गर्न र बजार व्यवस्थापनलाई प्रभावकारी बनाउन प्रत्येक बजार क्षेत्रमा एक बजार व्यवस्थापन समिति गठन गर्न सकिनेछ ।

**दफा २८ को उपदफा (२) को सट्टामा देहाय बमोजिमको उपदफा (२) राखिएको छ ।**

(२) उपदफा (१) र (१क) बमोजिम गठित समिति तथा उपसमितिहरूको काम, कर्तव्य, अधिकार र कार्यविधि नगर कार्यपालिकाले वा समितिले तोके बमोजिम हुनेछ ।